श्री ने.रा. गणेश उ.मा.बि प्रसेनिपुर, मनाङ

**साप्ताहिक परीक्षा-२०७१ (तेश्रो चरण)**

समय- ३ घण्टा **कक्षा-१०** पू.-१००

बिषय- **नेपाली** उ.-३२

*अङ्क दिँदा शुद्ध सफा र मौलिक भाषाशैलिमा लेखिएको उत्तरलाई विशेष प्राथमिकता दिइने छ।*

*१. समुह 'क' मा दिइएका शब्दहरुको अर्थ समुह 'ख'बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस।* ४

| **समुह 'क'** | **समुह 'ख'** |
|---|---|
| चरण | पद्धति |
| सुर | शाशनको अभिभारा |
| परिपाटी | हौसला |
| मुन्धुम | नरम |
| बागडोर | खराबकाम |
| प्रेरणा | धर्ति |
| कोमल | आत्मीय |
| करतुत | किरातहरुको मूल धर्मग्रन्थ |
| | भाका |
| | खुट्टा |
| | उत्पादन |

*२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस।* ३

क) 'निर्जन' को पर्यायवाची शब्द.............हो । (सज्जन,सुनसान,एकान्त)

ख) .............अनेकार्थी शब्द हो । (कान, कोठी, घान)

ग) 'लिखितम्' विपरीतार्थक शब्द.............हो । (बकत्रप, बकितम्, अलिखितम्)

घ) 'मास' शब्दको अर्थ............होइन । (कालो दाल, मुसुरो, महिना)

ङ) 'असुर' को पर्यायवाची शब्द ................ हो । (देव, मानव, दानव)

च) 'जाति-जाती'.............शब्द हुन् । (अनेकार्थी, लघुत्तावाची, श्रुतिसमभिन्नार्थी)

*३. अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्नुहोस ।* ५

ढकमक्क, भूपरिवेष्टित, जिब्रो टोक्नु, गर्ने भन्ने हनुमान पगरी गुट्ने ढेडु, अरे ।

*४. क) तलको गद्यांशलाई शुद्ध पारि सार्नुहोस ।* ३

जरसाहेबले सजिलै सित भने आराम नभय गोली औसधी खाउला

*ख) तल दिइएका शब्द समुहबाट शुद्ध शब्द छानि लेख्नुहोस ।* २

| | | | |
|---|---|---|---|
| अ) परिस्थिति | परीस्थिति | परिस्थीति | परिस्थिती |
| अ) षडयन्त्र | सड्यन्त्र | षड्यन्त्र | षड्यन्त्र |
| इ) चित्रांकित | चित्राङ्कित | चीत्राङ्कित | चित्राङ्कीत |
| ई) बुद्धीजीवी | बुद्धिजिवी | बुद्धिजीवी | बूद्धिजीवी |

*५. रेखाङ्कित शब्दहरुको पदवर्ग छुट्याउनुहोस ।* ४

<u>हरे</u> <u>शिव</u> ! पशुपतिमा <u>दर्शन</u> गर्न जानेलाई <u>त</u> बाँदरले <u>कति</u> सताएको ? बाग्मतीको <u>दुर्गन्धित</u> पानी देखेर म <u>सरासर</u> घर<u>तिर</u> फर्कें ।

*६. क) तलका उपसर्ग र प्रत्यय जोडी शब्दनिमार्ण गर्नुहोस् ।* २

उपसर्ग : प्र, सम्

प्रत्यय : आडी, अनीय

*ख) समास वा विग्रह गरी लेख्नुहोस :* २

दुई जिब्रे, भवसागर, नियमको अनुसार, चैतको बाँदर जस्तो छ जो ।

*७. कोष्टमा दिईएका धातु र सङ्केतका आधारमा खालि ठाउँ भर्नुहोस :* ५

क) संगिताले परीक्षामा .................। (लेख् :अपुर्ण वर्तमान काल)

ख) सरोज दश बजेसम्म.......................। (पुग् : सामान्य भविश्यत्)

ग) हरि बजार..................। (जा : अज्ञात भूत)

घ) तिमि र हामी मिलेर काम..................। (गर् :इच्छार्थ)

ङ) तँ चाँडै बहिनीलाई चिठी..................। (लेख् आज्ञार्थ)

*८. कोष्ठकमा दिइएका संङ्केतका आधारमा वाक्य परिर्वतन गर्नुहोस् :।* ५

क) मैले धेरै किताब पढेको छ । (र्कमवाच्य)

ख) हरिदास कहिल्यै उर्त्तिण हुँदैन । (करण)

ग) उ किन हिजो आज बोल्दैन । (सरल वाक्य)

घ) जहाँ तिमि गएका छौ त्यहाँ म गएको छैन् । (प्रेरणागर्थक)

ङ) सिता उपन्यास पढ्छिन् । (प्रथम पुरुष)

*९. तलको अनुच्छेद पढि अन्त्यमा सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस :* ५

जाडो मौसमको वातावरण निकै प्रदुषित हुन्छ । एक अध्ययनले देखाएको छ-काठमाडौं उपत्यका गर्मीभन्दा जाडो महिनामा बढी दूषित हुने गर्छ । जाडोमा हावाको तापक्रम घट्ने भएकोले गह्रौ हुन्छ । गह्रौ हावा माथितिर उडी जान सक्दैन । हावामा विलिन हुन पुगेका धूलोका कण र धुँवा पनि धेरै माथि उडी जान सक्दैनन् र पृथ्वीको सतहकै आसपासमा बाक्लो तह बनी बस्छ । त्यसैले काठमाडौं जस्तो व्यस्त सहरमा सवारीसाधनबाट निस्किएको धुवाँ सडक आसमपासमै फैलिइरहने हुँदा प्रदुषण बढद्छ । तराईमा बाफ, धुलो र धुवाँ ओसिएर माथितिर उडी जान नसकेपछ तुँवालो वा कुहिरो बन्न पुग्छ । यसले दैनिक जीवनमा पार्ने असरहरुको चर्चा गरि साध्य छैन् । चिसो मौसममा हावामा घुलित सम्पूर्ण वस्तुको तौल बढ्दछ । खोला, इनार, कुवाजस्ता स्रोतको पानीम यस्ता बस्तु मिसिन पुगी जल प्रदुषित हुन्छ । धूलो र बालुवाका कणहरु रुखका पातमा टाँसिएर पुरै ढाकेका हुन्छन् । यसोहुँदा ती पातहरुको स्टोमाटा टालिने भएकोले उक्त बिरुवाले श्वासप्रश्वास गर्न सक्दैन । साथै प्रकाश संश्लेषण गरी खाना तयार गर्न पनि सक्दैन । यस्तो प्रदुषित वातावरणमा बोटबिरुवाको वृद्धि विकास ठप्प हुन्छ । श्वासप्रश्वास र प्रकाश संश्लेषण हुन नसकेपछि वायुमण्डलको कार्वनडाइअक्साइड र अक्सिजनको सन्तुलन बिग्रिन पुग्छ । उच्च पहाडी भेगमा हिँउ पर्छ जसले गर्दा त्यहाँका जीवजन्तु र सिंगो वातावरण नै असन्तुलित हुन्छ । पृथ्वीको तापमान घटेकै कारण वर्षा नभई सतह र भूमिगत पानी सुक्न थाल्छ । हिउँदमा देखिने अर्को वातावरणीय समस्या र भू-स्खलन

hardik's blog hardik.com.np ...learn something or let me learn...

पनि हो । ओसले गर्दा ढुङ्गा, पहरा र ढिस्काहरु फस्के बन्छन् र टुक्रिएर लड्ने समस्या देखिएको छ । हिउँदका दिन स्वास्थ्यका लागि फाइदाजनक मानिदैनन् किनकि धेरै प्रकारका दीर्घ रोगहरु चिसोकै कारण उब्जिएका हुन्छन् ।

*प्रश्नहरुः-*

क) जाडो मौसमको वातवरण किन बढी प्रदूषित हुन्छ ?

ख) बायुमण्डलको सन्तुलन कसरी बिग्रन्छ ?

ग) हिउँदका दिन स्वास्थ्यका लागि किन फाइदाजनक छैनन् ?

घ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

ङ) 'भुस्खलन' र 'तापमान' शब्दको अर्थ लेख्नुहोस् ।

*१०. तलको गद्यांसबाट चारओटा बुँदा टिपि सारांश लेख्नुहोस्:* *२+३=५*

भूमिचित्रका रुपमा कोरिने लरिपनलार्य मिथिला कलाको उत्कृष्टि नमूना मानिन्छ । मैथिल समाजमा बिभिन्न शुभकार्यमा अरिपन कोर्न लगाएदेखि नै यो आजसम्म पनि त्यस क्षेत्रमा लोकप्रिय हुँदै आएको मानिन्छ । यस चित्रकलाले शुभभाव व्यक्त गर्दछ । यसमा तान्त्रिक प्रभाव परेकाले शक्ति उपासना र आध्यात्मिक भाव पनि व्यक्त भएको पाइन्छ । अरिपनपछि भित्तिचित्रहरुका पनि आफ्नै बिशेषता रहेका छन् । यस्ता चित्रहरुमा मैथिली जनजीवनका विविध पक्षहरु झल्केका छन् । मिथिला चित्रकलालाई समग्रमा हेर्दा यसको अलग्गै शैली रहेको पाइन्छ । जसलाई मैथिली शैली भनिन्छ । यस शैलीमा बस्तुका आकारहरुलाई सुकोमल बनाइन्छ । यसमा नर वा नारीका अनुहारको चित्र प्रायः पार्श्वमा देखाइन्छ । यसमा आँखालाई विशेष ठुलो र नाकलाई चुच्चो पारेर देखाइन्छ । यसका साथै यस शैलीमा नर वा नारीका दुवै गोडालाई फट्टयाएर देखाएको हुन्छ । मैथिली शैलीमा मानिसलाई प्रकृतिका माझमा राखेर देखाइने गरिन्छ ।

*११. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।* *५*

***क) दिइएका बुदाँका आधारमा छोटो कथा तयार पारि उपयुक्त शीर्षक दिनुहोस ।***

दुइजना मानिस सुनसान जङ्गलको बाटो हिँड्नु ........भालु कराएको सुनिनु.........एकजना अग्लो रुखमा लम्पसार पर्नु............अर्को भुइँमा लम्पसार पर्नु.......केहिबेरपछि भालु आएर भुइँमा लडिरहेको मानिसलाई सुँध्नु...................त्यो मान्छे मरेको ठान्नु र भालु रुखमा चढ्नु......... भालुले उसलाई मारेर घिसार्दै लैजानु ........केहिबेरमा भुइँमा लडेको मान्छे उठेर आफ्नो बाटो लाग्नु ...............आपतमा नआत्तिई बुद्धि पुऱ्याएर काम गर्नुपर्ने सन्देश ।

***ख) तलका बुदाँहरुका आधारमा छोटो जीवनी तयार पारी शीर्षक राख्नुहोस:***

**नाम** : गङ्गालाल श्रेष्ठ

**जन्ममिति** : वि.स. १९७५ फागु पुर्णिमा

**जन्मस्थान** : रामेछाप

**माता-पिताः** तुलादेवी र भक्तलाल श्रेष्ठ

**शिक्षाः** वि.सं. १९९५ मा दरबार स्कुलबाट एस.एल.सी. उत्तीर्ण गरी बनारसमा अङ्ग्रेजी शिक्षाको अध्ययन

**योगदानः** भारतिय स्वतन्त्रता सङ्ग्रामबाट प्रभावित भई राणा विरोधी अभियानमा लागेका,

: वि.स. १९९४ मा नागरिक अधिकार समितिमा सक्रिय भई क्रान्तिमा अग्रसर भएका,

: वि.स. १९९५ मा काठमाडौ इन्द्रचोकको राणा बिरोधी सभालाई सम्बोधन गरेका

: राणा विरोधि प्रजा परिषद्को गतिबिधिमा सक्रिय रहँदा गिरफ्तारीमा परेको,

: राणाहरुले माफी मगाउन खोज्दा झुक्नुभन्दा तातो गोली खान तयार भएका,

**मृत्यु** : वि.स. १९९७ साल माघ १४ गते राती क्रुर राणाशासकहरुले गोली हानी हत्या गरिएका नेपाली वीर सहिद ।

*१२. हाम्रो पुस्तक भण्डार विराटनगरको साझा प्रकाशन ललितपुरलाई कक्षा दशको अनिवार्य विषयका ३००० (तिन हजार) पाठ्यपुस्तकहरु पठाइदिन अनुरोध गर्दै लेख्ने चिठिको नमूना तयार पार्नुहोस् ।* *५*

*१३. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।* *५*

क) आफ्नो गाउँघर छाडेर विदेशमा पढ्न जाने भएपछि मनमा उब्जेका कुरा समावेश गरी एक मनोवाद लेख्नुहोस् ।

ख) बिपक्षीका तर्कको खण्डन गर्दै 'बिज्ञान अभिशाप नभई बरदान हो' भन्ने विषयका पक्षमा गहकिला तर्कहरु प्रस्तुत गर्नुहोस् ।

*१४. कुनै एक शीर्षकमा २०० शब्द नघटाई निबन्ध लेख्नुहोस।* *१०*

क) नयाँ नेपाल निर्माणमा मेरो भूमिका

ख) शैक्षिक भ्रमणको महत्व

ग) नेपालका प्राकृतिक सम्पदा

*१५. कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस :* *५*

क) हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदको प्यारो लासले धिक्कार्ला ।

ख) भोलिवाद हाम्रो संस्कृति हो, दर्शन हो, राजनिति हो, प्रशासन हो, सामाजिक व्यवहार हो ।

*१६. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस।* *२×५=१०*

क) 'कर्तब्य' कथाका मुरलीधर र श्रीधरका बीच के-कस्ता चारित्रिक भिन्नता पाइन्छन् ?

ख) 'सहिदहरुको सम्झनामा' कवितामा कविले सहिदलाई कुर रुपमा सम्झेका छन् ?

ग) 'प्रश्नोत्तर' कवितामा बिद्यालाई कुन रुपमा चित्रण गरिएको छ ?

*१७. 'जय पृथ्वीबहादुर सिंह' जीवनी पाठका पात्र चन्द्र शमशेरका ठाउँमा यदि तपाइँ हुनु भएको भए कस्तो व्यवहार गर्नुहुन्थ्यो ? तर्क दिनुहोस् ।* *५*

*१८. कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोसः।* *१०*

क) 'जयभोलि ! निबन्धले हाम्रो समाजमा विद्यमान के-कस्ता सामाजिक वेथितिहरुको विश्लेषण गरेको छ, स्पष्ट पार्नुहोस् ।

ख) इमानसिंह चेमजोङले किराती भाषा र संस्कृतिको उत्थानमा दिएको योगदान कस्तो छ, वर्णन गर्नुहोस् ।

**समाप्त**